भिमाद नगरपालिकाको बाह्रौ नगरसभामा

नगर प्रमुख श्री दधिराज सुवेदीबाट प्रस्तुत

# आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

भिमाद नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

२०७९ साल असार ९ गते विहीबार

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

"शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनमा विस्तारः पूर्वाधार विकास समृद्ध भिमादको आधार"

नगर सभाका सदस्यज्यूहरू
राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित महानुभावहरू ।

१. आज हामी भिमाद नगरपालिकाको गरिमामय बाह्रौं नगरसभामा उपस्थित भैरहेका छौं । देशमा संघीयता कार्यान्वयन भएपश्चात दोस्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भईसके पछिको यो पहिलो नगर सभा समक्ष आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु । यस अवसरमा हामीलाई निर्वाचित गराई महत्वपूर्ण जिम्मेवारी सुम्पिनुहुने आम नगरवासी आमा बुवा, दिदी भाई एवम् दाजु बहिनीहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । हाम्रो कार्यकालको पहिलो नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यस सुखद घडीमा नगरसभालाई सम्बोधन गर्न पाउँदा आफुलाई गौरवान्वित सम्झेको छु ।

२. यस अवसरमा संङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै आन्दोलनहरूमा आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, विभिन्न आन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान प्रकट गर्दै वहाँहरूले देखाउनु भएको मार्गदर्शनलाई सदैव प्रेरणाको रूपमा लिइ अघि बढ्ने प्रण गर्दछु ।

३. भिमाद नगरपालिका स्थापना भएपश्चातको दोस्रो पटकको स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएर आएका छौं । यस अवसरमा पहिलो पटकको निर्वाचनबाट निर्वाचित स्थानीय सरकारले कर्मचारीको कमी, कानुन एवम् स्रोत साधनको अभावका साथै कोभिड १९ जस्ता महामारीका बाबजुद नागरिकको नजिक रहेर कार्य गर्ने सरकार प्रभावकारी हुन्छ भन्ने सिद्धान्त अनुरूप कानुन निर्माण, संस्थागत विकास, पूर्वाधार विकास, नगरको दीर्घकालीन महत्वका आधारहरू सिर्जना गरी सङ्घीयता कार्यान्वयनका सन्दर्भमा महत्वपूर्ण फड्को मार्न सफल भएकोमा सिंगो टिमले पुऱ्याएको योगदानको उच्च प्रशंसा गर्न चाहन्छु ।

सभाका सदस्यज्यूहरु,

४. जनचाहना अनुरूप नागरिकहरूको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रूपमा रहेको स्थानीय तहको निर्वाचनले प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ । यसले दिगो शान्ति, सुशासन, लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षण र सम्बर्धन गरी विकास र समृद्दिका चाहाना पूरा गर्ने महत्वपूर्ण आधार सिर्जना भएको छ । यस महान अभियानलाई सफल पार्ने नेपाल सरकार, निर्वाचन आयोगका साथै यस कार्यमा खट्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दल एवम् आम नेपाली नागरिकहरूप्रति हार्दिक सम्मान प्रकट गर्दछु ।



दधिराज सुवेदी
नगर प्रमुख

५. दुई वर्षदेखि नै विश्वभर फैलिएको कोभिड-१९ को असर सामान्य हुँदै गइरहेको भएतापिन अझै यस्ता महामारीको सन्त्रास भने यथावतै छ । यस विपत्तीको व्यवस्थापनमा अग्रपङ्तिमा रही काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि र राष्ट्रसेवक एवम् स्वयमसेवकहरूमा उच्च सम्मान व्यक्त गर्दछु । सबैको साझा प्रयासबाट यस्ता विपत्तिहरूको सहज व्यवस्थापन गर्न सकिन्छ भन्ने दृढ विश्वास लिएको छु ।

सभाका सदस्यज्यूहरु,

६. संङ्घीयताको सार्थक कार्यान्वयन, योजनाबद्ध विकास, जनअपेक्षा, नगरको विद्यमान वस्तुगत स्थिति समेतका आधारमा समृद्द भिमाद निर्माणका सन्दर्भमा देहाय अनुसारका मुख्य अवसर तथा चुनौतीहरु पहिचान गरिएको छ :

<u>अवसरहरू</u>

(क) नगरको सन्तुलित र योजनाबद्ध विकासका लागि आवधिक योजना तर्जुमा भई कार्यान्वयनमा आउनु,

(ख) सडक सञ्जालको सहज पहुँच विस्तार हुन गई बजार व्यवस्थापन तथा आर्थिक विकासका लागि आधार तयार हुनु,

(ग) विद्यालय शिक्षामा समतामूलक पहुँच, गुणस्तर तथा सक्षमता बृद्धि हुँदै जानुका साथै प्राविधिक शिक्षाका लागि संस्थागत व्यवस्था गरिनु,

(घ) कानूनको निर्माण र सो मार्फत कार्यक्रम कार्यान्वयन एवम् सेवा प्रवाहको थालनीले सुशासनको आधारशिला तयार हुनु,

(ङ) कृषि क्षेत्रमा प्रविधिको प्रयोग र विविधिकरणको प्रारम्भ भई आधुनिकीकरणको प्रारम्भ हुनु,

(च) वडास्तरमा स्वास्थ्य सेवाको पहुँच उपलब्ध हुनु,

(छ) सेवा प्रवाह र कार्यसम्पादनका लागि आवश्यक जनशक्तिको स्थायी रूपमा व्यवस्थापन गर्ने कार्य प्रारम्भ हुनु,

(ज) नगर विकासका सन्दर्भमा सरोकारवालाहरूमा सकारात्मक धारणा र तत्परताको विकास हुनु।

<u>चुनौतीहरू</u>

(क) संघीयताको मर्म र संवैधानिक प्रावधान अनुसार संघ, प्रदेश र स्थानीय कानूनहरूको तर्जुमा एवम् तीन तहका सरकारबीच सार्थक समन्वयको अवस्था सिर्जना गर्नु,

(ख) संवैधानिक दायित्व र नागरिकका अपेक्षाको सम्बोधनका लागि दिगो स्रोत तथा लगानीको सुनिश्चितता गर्नु,

(ग) अनिवार्य तथा गुणस्तरीय विद्यालय शिक्षाका साथै प्राविधिक एवम् व्यावसायिक शिक्षामा सर्वसुलभ पहुँच सुनिश्चित गर्नु,

(घ) महामारीजन्य रोग एवम् विपद्को व्यवस्थापन गर्नका लागि आवश्यक आर्थिक, भौतिक, मानवीय सक्षमताको विकास गर्नु,

(ङ) प्राथमिक स्वास्थ्य केन्द्र एवम् संस्थालाई सुविधा सम्पन्न बनाउनु,

(च) कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यावसायिकरण र विविधिकरण मार्फत जनताको जीवनस्तरमा सुधार ल्याउनु,

(छ) विकास निर्माणका कार्यमा सार्थक जनसहभागिता सुनिश्चितता गर्नु,

(ज) समाजमा पछाडि परेका वर्ग र समुदायको सशक्तिकरण एवम् मूलप्रवाहीकरण गराउनु ।

सभाका सदस्यज्यूहरु,

७. चालु आर्थिक वर्ष २०७८।०७९ को शुरूवातमा कोभिड १९ को लहर चलिरहेको र फागुन महिनासम्म यसको असर व्यापक रहिरहेको साथै स्थानीय तहको चुनावका कारण योजना तथा कार्यक्रम कार्यान्वयनमा असहजता आएको थियो । स्थानीय तहको निर्वाचन पश्चात बीचमा रोकिएका कार्यहरू र चालु आर्थिक वर्षको योजनालाई प्रभावकारी कार्यान्वयन मार्फत अपेक्षित उपलब्धि हासिल गर्न प्रयास गरिएको विदितै छ ।

८. चालु आर्थिक वर्ष २०७८।०७९ को हालसम्मको अवधिमा कुल बजेट ६४ करोड २६ लाख ३३ हजार मध्ये ४३ करोड १५ लाख २४ हजार ९ सय १५ खर्च भई वित्तीय प्रगति ६७.१४ प्रतिशत हासिल भएको छ । पुँजीगत तर्फ बिनियोजित २६ करोड २२ लाख ६१ हजार १ सय ३० मध्ये रू १३ करोड ५६ लाख १० हजार ७ सय ४७ खर्च भई ५१.७१ प्रतिशत र चालुतर्फ रू ३८ करोड ३ लाख ७१ हजार ८ सय ७० मध्ये रू २९ करोड ५९ लाख १४ हजार १ सय ६८ खर्च भई ७७.८ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । चालु आर्थिक वर्षको अन्तसम्म पुँजीगत खर्च ८० प्रतिशत र चालु खर्च ८५ प्रतिशत गरी कूल ८३ प्रतिशत वित्तीय प्रगति हासिल हुने अनुमान छ ।

सभाका सदस्यज्यूहरु,

अब म आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

९. नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, दिगो विकासका लक्ष्य, सङ्घीय र गण्डकी प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट, चालु पन्ध्रौ आवधिक योजना, नगरपालिकाको पहिलो आवधिक योजना, नगरका मौलिक विशेषता र नगरबासीको आकाङ्क्षा, राजनीतिक दल, विषयगत समितिका सुझाव, टोल तथा वडास्तरबाट प्रतिविम्बित जनताका चाहना र

नागरिक समाजबाट प्राप्त सुझावलाई मुख्य आधार मानी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

१०. उत्पादन र उत्पादकत्व वृद्दि, गुणस्तरीय शिक्षामा समन्यायिक पहुँच, गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा, पूर्वाधार निर्माण, खानेपानीमा पहुँच, स्वरोजगारी सिर्जना, गरिबी न्यूनिकरण, दिगो विकास, पर्यावरणीय सन्तुलन एव सुशासनलाई मुख्य प्राथमिकतामा राखी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । क्षेत्रगत रूपमा यो नीति तथा कार्यक्रमले देहायको विषयलाई प्राथमिकतामा राखेको छ ।

(क) गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि गर्न आधारभूत स्वास्थ्य सेवाको बिस्तार एवम् सामग्रीको व्यवस्था,

(ख) गुणस्तरीय शिक्षामा समतामूलक पहुँच विस्तारका लागि विद्यालय शिक्षाको पूर्वाधार विकास, सिकाइ गुणस्तर अभिवृद्दि, क्षमता विकास, बालमैत्री तथा प्रविधिमैत्री सिकाइका लागि पूर्वाधार तयार,

(ग) योजनाबद्द, दिगो, गुणस्तरीय एवम् प्रतिफलदायी भौतिक पूर्वाधार निर्णाण तथा सम्भार,

(घ) कृषि तथा पशुपालन क्षेत्रको व्यावसायिकरण, आधुनिकीकरण, सामुहिकीकरण र बजारीकरण,

(ङ) आयआर्जन वृद्धि गर्न उद्यमशिल रोजगार सिर्जना, सीप विकास एवम् सहकारिता,

(च) पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण, प्रवर्धन र पूर्वाधार विकास,

(छ) वन, जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन तथा सदुपयोग,

(ज) आर्थिक एवम् सामाजिक रूपमा पछि परेका वर्ग र समुदायको सशक्तिकरण मार्फत सन्तुलित, समन्यायिक, समावेशी एवम् समानुपातिक विकास,

(झ) गुणस्तरीय सार्वजनिक सेवाको सहज पहुँच, सेवा प्रवाहमा सुधार, पारदर्शिता एवम् उत्तरदायित्व अभिवृद्दि मार्फत सुशासनको सुनिश्चितता ।

सभाका सदस्यज्यूहरु,

११. अव म भिमाद नगरपालिकाको यस सम्मानित वाहौं नगरसभा समक्ष आगामी आर्थिक वर्ष २०७९/०८० को क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

१२. आर्थिक विकास

आयात प्रतिस्थापन, स्वरोजगारको सिर्जना, विकासको मूल आधार कृषि र पशुपालन नै रहेको र पुरानो निर्वाहमुखी खेती प्रणालीलाई सामुहिक र सहकारीमा आधरित प्रणालीमा प्रतिस्थापन गर्न आवश्यक छ । भिमाद नगरपालिकाको आर्थिक समृद्धिको प्रमुख श्रोत कृषि नै हो र पर्यटन क्षेत्रको पूर्वाधार साना तथा लघु

उद्यम विकास मार्फत व्यापार प्रवर्द्धन गरी आत्मनिर्भर हुन सकिन्छ भन्ने कुरामा जोड दिदैं आर्थिक विकास सम्बन्धी निम्न नीति र कार्यक्रम तय गरिने छ ।

क. कृषि तथा पशुपंक्षी विकास

१. कृषिमा घरेलु तथा स्थानीय प्रविधिको रूपान्तरण गर्न नविनतम प्रविधि र यान्त्रिकीकरणमा जोड दिइने छ ।

२. कृषि पेशालाई सम्मानित पेसाको रूपमा प्रबर्धन गर्न व्यवसायिकरण तथा यान्त्रिकरण गर्न उत्प्रेरित गर्नुका साथै आवश्यक सहयोग गरिने छ।

३. परम्परागत र निर्वाहमुखी अवस्थामा रहेका साना कृषकहरुलाई समुहमा आवद्ध गराई कृषि तथा पशुपन्छीको साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) स्थापनामा जोड दिइनुका साथै कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन प्रेरित गरिने छ ।

४. बांझो रहेको कृषि योग्य भुमिलाई उपयोगमा ल्याउन विशेष कार्यक्रम तय गरी कार्यान्वियनमा ल्याइने छ।

५. माटोमा प्राङ्गारिक पदार्थको मात्रा बढावा दिने किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ।

६. वानस्पतिक विषादी तथा स्थानियस्तरमा उपलब्ध स्रोत साधनहरु प्रयोग गर्दै बाली संरक्षण गर्ने उपायहरु अपनाउन प्रेरित गरिने छ।

७. खाद्यान्न बालीको बीउ उत्पादनमा सक्षम बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ।

८. किट विकास (च्याऊ तथा मौरी ) कार्यक्रम सञ्चालनमा ल्याइने छ।

९. वास्तविक कृषकहरुको पहिचान गरी कृषिलाई व्यवसायीकरण गर्न तथ्याङ्क संकलन गरी परिचय पत्र वितरण गरिने छ ।

१०. परम्परागत तथा निर्वाहमुखी अवस्थामा रहेका साना कृषकहरुलाई समुहमा आवद्द गराई कृषि साना व्यवसायिक उत्पादन केन्द्र पकेट तथा ब्लक स्थापनामा जोड दिइने छ ।

११. फलफूल तथा मसला बालीलाई विस्तार एवम् प्रवर्द्दन गरिने छ ।

१२. माटोको अवस्थाबार जानकारी प्राप्त गर्न प्रत्येक वडामा माटो जाँच शिविर सञ्चालन गरिने छ।

१३. कृषि पेशालाई थप गुणस्तरीय एवम् आधुनिकिकरण तर्फ प्रेरित गर्नका लागी कृषि सम्बन्धि विभिन्न तालिमहरु सञ्चालन गरिने छ ।

दधिराज सुवेदी
नगर प्रमुख

१४. नगरपालिका भित्र उत्पादन भएर वाहिर निकासी हुने कृषि तथा पशुपन्छीजन्य उत्पादनको उपभोग, संकलन, प्रशोधन तथा प्रवर्धनको लागि स्थापना गरिने लघु उद्यमहरुलाई प्रोत्साहन गरिने छ ।

१५. वास्तविक कृषकहरुको पहिचान गरी कृषि तथा पशु सेवा सम्वन्धी कार्यक्रमहरुलाई व्यावसायीकरण गर्दै लगिने छ ।

१६. कृषिमा घरेलु तथा स्थानीय प्रविधिलाई परिमार्जन गरि नविनत्तम प्रविधि र यान्त्रिकीकरणमा जोड दिईने छ ।

१७. परम्परागत र निर्वाहमुखी अवस्थामा रहेका साना कृषकहरुलाई समुहमा आवद्ध गराई कृषि तथा पशुपन्छीको साना ब्यावसायिक उत्पादन केन्द्र क्रमश: पकेट, ब्लक, जोन र सुपर जोन स्थापना गरिने छ ।

१८. भिमाद ७ मा रहेको सिस्नेरी क्षेत्र भिमाद बजारको नजिक रहेर पनि विकासको मूल प्रवाहमा पछाडि परेकोले यसलाई आधुनिक कृषि शहरको रूपमा विकास गर्न विशेष योजना तय गरिने छ ।

१९. वडा नं. ३, ४ र ५ मा कृषि उपजको प्रचुर सम्भावना रहेका क्षेत्रहरूको पहिचान गरी व्यावसायिक कृषि क्षेत्रको रूपमा विकास गर्दै लगिने छ ।

२०. पशु स्वास्थ्यलाई ख्याल गर्दै नगरपालिकाको पशुसेवा शाखा तथा सेवा केन्द्र मार्फत वडास्तरमा घुम्ती सेवा प्रदान गरी आन्तरिक तथा बाह्य परजिविको औषधी निशुल्क र सहज रूपमा वितरणको व्यवस्था मिलाइने छ ।

२१. पि.पि.आर., रेविज, खोरेत तथा स्वाईन फिवर रोग विरुद्धको पशु खोपको व्यवस्था गरिने छ।

२२. उन्नत घाँस खेती तर्फ कृषकहरुलाई उत्प्रेरित गर्दै घाँसहरुको विकास गर्नका लागि डाले घाँसका नर्सरी र उपयुक्त स्थानहरुलाई घाँसको बिउ उत्पादन गर्ने श्रोतकेन्द्रका रुपमा विकास गर्दै लगिने छ।

२३. पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि घाँसमा आधारित पशुपालन र नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

२४. दुध मिसन कार्यक्रम अन्तर्गत दुध उत्पादन तथा दुधजन्य पदार्थको उत्पादकत्व वृद्धि गर्नको लागि दुग्ध चिस्यान केन्द्र स्थापना गरिने छ ।

२५. सेवा नपुगेका क्षेत्रहरुमा पशुस्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

२६. मासु मिसन कार्यक्रम अन्तर्गत पाडा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

२७. बाख्रा प्रवर्द्धन कार्यक्रम मार्फत भिमाद नगरपालिकालाई बाख्राको स्रोतकेन्द्रको रुपमा विकास गर्दै लगिने छ ।

२८. कृषि तथा पशु पालनका लागि दिइने अनुदानहरू निश्चित मापदण्डका आधारमा वितरण गरी पारदर्शी एवम् विश्वसनीय बनाइने छ ।

२९. हाल कायम रहेका कृषि पकेट क्षेत्रहरूलाई विस्तार एवम् स्तरोन्नति गर्नुका साथै सम्भाव्यता र माटो परीक्षणका आधारमा माछा, अर्गानिक तरकारी, बीउ उत्पादन र दूध तथा मासु जस्ता अरू नयाँ विषयहरूमा पकेट क्षेत्रहरू विस्तार गरिने छ ।

३०. कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी बनाउन विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरिने छ ।

३१. नगरपालिकाको पशुसेवा शाखामा भेटेरिनरी डाक्टरको करार पदपुर्ति गरी पशुस्वास्थ्य सेवाको सुदृढीकरण गरिने छ ।

ख. पर्यटन तथा संस्कृति संरक्षण

१. ऐतिहासिक झोलुङ्गेपुल, शिबालय मन्दिर, कोटवाराही मन्दिर, घाङ्च ल्हूम, सतिकोट गुफा लगायत नगरभित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक सम्पदाहरुको संरक्षण गरी आन्तरिक पर्यटन प्रवर्धनको लागि भिमाद पर्यटन विकास समिति मार्फत पर्यटकीय क्षेत्रहरूको सम्भाव्यता अध्ययन गराई आवश्यक पूर्वाधारको निर्माण गर्दै लगिने छ ।

२. पर्यटकीय दृष्टिले सर्वाधिक महत्वपूर्ण सिद्ध गुफा तथा वरपरका क्षेत्रलाई थप विकास गर्दै उक्त स्थान सम्म पुग्ने भिमाद सिद्धगुफा मार्ग कालोपत्रे गर्ने योजनालाई प्रदेश सरकारसँगको सहकार्यमा अगाडी बढाईने छ ।

३. समुदायले सञ्चालन गरेका होम स्टे प्रवर्धनका लागि पूर्वाधार निर्माण र व्यवस्थित रुपमा होम स्टे सञ्चालनमा सहयोग गरिने छ।

४. विभिन्न जाति तथा समुदायहरुको मौलिक संस्कृति, परम्परा, नाचगान, भाषा, भेषभुसाको संरक्षण र सम्बर्धन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

५. पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेका पदयात्राहरु पहिचान गरी छिमेकी पालिकासंगको सहकार्यमा नक्साङ्कन गर्ने व्यवस्था मिलाइने छ ।

ग. उद्योग बाणिज्य

६. लघु उद्यमको प्रबर्धन गरी गरीबी निवारणमा टेवा पुऱ्याउनका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिने छ ।

दधिराज सुवेदी
नगर प्रमुख

७. स्थानीय कला, सीप र प्रविधिको संरक्षण गर्दै नगरपालिकाको पहिचान झल्किने वस्तुहरुको उत्पादन वृद्धि गर्न घरेलु तथा साना उद्योगहरुको प्रवर्धन गरिने छ ।

८. आत्मनिर्भर, आयात प्रतिस्थापन तथा निर्यातजन्य उत्पादनमा लगानी वृद्दि गरी प्रोत्साहित गरिने छ ।

९. गरीवी न्यूनिकरणका लागि लघु उद्यम विकास कार्यक्रमको प्रवर्द्धन तथा विकास गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

१०. गरीबी न्यूनीकरणका लागि विशेष योजना तयार गरी कार्यान्वयनमा लगिने छ ।

११. स्थानीय स्तरमा रहेका स्रोत र साधनको सदुपयोग गर्दै रोजगारी सृजनामा टेवा पुर्याइने छ ।

१२. गरिब तथा बेरोजगार व्यक्तिलाई उद्यमशिलता तालिमको माध्यमबाट क्षमता विकास गरी अनुकुल वातवरण सृजना गर्नुका साथै उद्यमीको रूपमा काम गरिरहेकाहरूको लागि आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र उन्नत स्तरको तालिम सञ्चालन गरिने छ ।

१३. लक्षित समुदायको मागमा आधारित सिप विकास तालिम कार्यक्रमको ढाँचा तय गरी क्षमता विकास एवम् समुहमा प्रविधि हस्तानतरण गरिने छ ।

१४. उद्यमीहरूलाई उद्यम सञ्चालनका लागि उत्प्रेरित गर्न बजारीकरण र वित्तिय सेवामा सहजिकरण गर्ने नीति लिइने छ ।

१५. कृषि तथा पशु पंक्षीमा आधारित उद्योगको स्थापना, सञ्चालन तथा सुदृढीकरण कार्यलाई प्रोत्साहित गरी बजारीकरण गरिने छ ।

१६. उपभोक्ताको हितलाई मध्यनजर गर्दै बजारमा गुणस्तरीय वस्तु आपूर्तिको सुनिश्चितता गर्न बजार अनुगमनलाई प्रभावकारी बनाइने छ ।

घ. सहकारी

१. सहकारी शिक्षा तथा तालिम मार्फत सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गरी संस्थागत स्वःनियम तथा सुशासन प्रवर्द्धन गरिने छ ।

२. सहकारीको डिजिटाइजेसनलाई प्रोत्साहन गर्दै सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सुचना प्रणालीमा सहकारी संस्थाहरुको आवद्धतालाई अनिवार्य गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

३. सहकारी विकासको लागि नियमन प्रवर्द्धन र प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

४. सहकारी संस्थाहरूसँग सहकार्य गरी लघु उद्यमहरूको माध्यमबाट समृद्द जीवन बनाउने तर्फ प्रेरित गरिने छ ।

१३. सामाजिक विकास

विकासको वास्तविक अनुभुति गराउने मूल आधार नै सामाजिक विकास हो । समाजको चेतनाको स्तर अनुसार समाज परिचालन हुने भएकोले शिक्षित, स्वस्थ र सामाजिक न्याय सहितको शारीरिक मानसिक र सामाजिकस्तरबाट स्वस्थ ज्ञान विज्ञान र चेतनाबाट ओतप्रोत भएका नागरिक विकास गर्न सामाजिक विकास सम्बन्धी तपसिल बमोजिमको नीति लिइएको छ ।

क. स्वास्थ्य सेवा

१. जनताको जीवन रक्षा र स्वास्थ्य प्रवर्धन गर्नु नगरको पहिलो कर्तव्य हुने भएकोले कोभिड १९ रोकथाम, नियन्त्रण गर्ने पहिलो अस्त्र कोभिड विरुद्धको खोप कार्यक्रमलाई थप प्रभावकारी बनाइ आबश्यकता एवम् मापदण्ड अनुसार केन्द्र र प्रदेश संगको समन्वयमा उपलब्धताको आधारमा सम्पुर्ण लक्षित वर्गलाई खोप उपलब्ध गराइने छ । यस्तै प्रकृतिका महामारी लगायत विभिन्न प्राकृतिक प्रकोपहरु द्रुत गतिमा व्यवस्थापनको लागि छुट्टै महामारी तथा प्रकोप व्यवस्थापन कोष स्थापना गरी आवश्यकता अनुसारको कन्टेन्जेन्सि प्लान तयार गरिने छ ।

२. संघीय सरकारबाट हस्तान्तरित स्वास्थ्य कार्यक्रमहरुबाट उच्चतम प्रतिफल हासिल हुने गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइने छ ।

३. औषधि एवम् स्वास्थ्य सामग्रीहरुको आपुर्ति व्यवस्थापन चुस्त दुरुस्त राख्न **ELMIS** प्रणालीलाई निरन्तरता दिदै सबै स्वास्थ्य संस्थाहरु सम्म विस्तार एवम् सबलिकरण गरिने छ ।

४. स्वास्थ्य कार्यक्रमका आधारभुत तथ्याङ्कहरु चुस्त दुरुस्त राखी निर्धारित समयमै **DHIS-2** प्रविष्ट गरिनेछ र सो को आधारमा बार्षिक योजना तयार गरिने छ ।

५. सुनौला हजार दिनका महिला (गर्भवती तथा सुत्केरी), ५ वर्ष मूनिका बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन संघीय सरकार र यस नगरपालिकाको साझेदारीमा विगत वर्षहरुदेखि संचालित वहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ साथै पोषण कार्यक्रमलाई सवै शाखा एवं वडाहरुमा मुल प्रवाहीकरण गरिदै लगिने छ ।

६. जेष्ठ नागरिक तथा फरक क्षमता भएका नागरिकहरुका लागि विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी स्वास्थ्य प्रवर्धन कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७. समुदायमा बिद्यमान अवस्थामा देखिएका मानसिक एवम् मनोसामाजिक समस्याहरु न्युनिकरण गर्न सरकारी एवम् गैर सरकारी संघसंस्थाहरुसंगको सहकार्यमा परामर्श, पुर्नस्थापनात्मक एवम् उपचारात्मक सेवाहरु सञ्चालन गरिने छ ।

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

५

८. स्वास्थ्य सेवा सर्वसुलभ, गुणस्तरीय सहज पहुच योग्य बनाउन भिमाद प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नति प्रकृया छिटो कार्यान्वयनमा ल्याउन संघीय सरकार एवम् प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ ।

९. आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाइहरुमा कार्यरत कर्मचारीहरुलाई थप प्रोत्साहन सहित निरन्तरता दिईने छ ।

१०. नगरपालिकाबाट प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालित फार्मेसी, आँखा उपचार केन्द्र, एक्सरे सेवा तथा किहुँ स्वास्थ्य चौकी र वडा नं. ९ मा सञ्चालित स्वास्थ्य प्रयोगशालालाई निरन्तरता दिइ सेवा प्रवाहलाई गुणस्तरीय बनाइने छ ।

११. आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय एवम् पहुँचयोग्य बनाउन स्वास्थ्य केन्द्रको स्तर वृद्दि तथा सामुदायिक स्वास्थ्य इकाइहरूको विस्तार गर्दै लगिने छ ।

१२. स्वास्थ्य विमामा आबद्ध विमित विरामीहरुका लागि गुणस्तरीय, भरपर्दो र विश्वासिलो बनाउन भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा पुर्वाधारहरु विस्तार गरिने छ ।

१३. स्वास्थ्य सेवालाई भरपर्दो, विश्वासिलो, गुणस्तरिय र सर्वसुलभ बनाउन भौतिक पुर्वाधारको विकास गर्नुको साथै औषधि, उपकरण, औजारहरुको यथोचित ब्यवस्था गरिने छ ।

१४. नेपाल सरकारको नीति अनुरुप विपन्न परिवार, दुर्गमवस्ती, लक्षितवर्गलाई मध्यनजर गरी सेवा विस्तार गरिने छ ।

१५. मातृ मृत्यूदर/नवजात शिशु मृत्यूदर घटाउन SBA तालिम नलिएका नर्सिङ्ग स्टाफहरुलाई SBA तालिम उपलब्ध गराई सुरक्षित डेलिभरी गराउने र घरमै सुत्केरी गराउने प्रचलनलाई निरुत्साहित गरी संस्थागत सुत्केरी गराउने व्यवस्था मिलाइने छ ।

१६. समय सापेक्ष तालिम कार्यक्रमहरु सञ्चालन गरी स्वास्थ्यकर्मीहरुको ज्ञान र क्षमता बृद्धि गरिने छ ।

१७. क्यान्सर, मुटु, मिर्गौला, स्पाईनल इन्जुरी, पार्किन्सन, अल्जाईमर, सिकलसेल एनिमिया र हेड इन्जुरीको उपचारमा अति गरीब बिरामीलाई आर्थिक सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनुका साथै मातृ सहायता कार्यक्रम सञ्चालन गरिने छ ।

१८. आधारभूत स्वास्थ्य सेवाको उच्चतम उपभोग दर वढाउन समुदायमा स्वास्थ्य शिक्षा प्रवर्धन एवम् जनचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१९. समय समयमा फैलिन सक्ने संक्रामक रोगको नियन्त्रण तथा प्राकृतिक विपद्हरु व्यवस्थापनको तत्काल सम्वोधन गर्नका लागि नगरस्तरीय रेपिड रेस्पोन्स टीम परिचालन गरी आवश्यक पर्ने औषधि, सामग्रीको व्यवस्था मिलाई तयारी अवस्थामा राखिने छ ।



धिराज सुवेदी
नगर प्रमुख

२०. पूर्ण खोप अभियानलाई निरन्तरता दिइने छ । सरकारले तोकेको समयमा खोप लगाउन अनिवार्य गर्नुका साथै अटेर गर्ने प्रवृत्तिलाई निरूत्साहित गरिने छ ।

२१. प्राथमिक स्वास्थ्य केन्द्र भिमादमा पोस्टमार्टम र मृगौला रोगबाट पीडित बिरामीहरूको नियमित डायलाइसिस सेवा सञ्चालनका लागि आवश्यक समन्वय गरिने छ ।

२२. गर्भवती महिलाहरूलाई लक्षित गरी विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिने छ।

२३. जनसमुदायमा बढ्दो नसर्ने तथा जीर्ण रोगको उपचार गर्न एवम् रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धति सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।

२४. योग र जडिबुटीको प्रवर्धन, प्रचार र प्रयोगमा टेवा पुर्याउने उद्देश्यले महिला स्वास्थ्य स्वयंसेविकालाई योग तथा जडिबुटिको तालिम दिई उनीहरू मार्फत एक घर पाँच योग र पाँच जडिबुटी अभियान कार्यक्रम सञ्चालन गर्नुका साथै वडास्तरमा स्थानीय जडिबुटी उद्यान निर्माण गर्ने नीति लिइने छ ।

२५. प्रत्येक वडामा नागरिक आरोग्य कार्यक्रम मार्फत स्वस्थ्य जीवनशैली कार्यक्रम सञ्चालन गर्नुका साथै सामुदायिक भवनमा योग हल सहितको संरचना निर्माण गर्न प्रोत्साहन गरिने छ।

२६. नगरपालिका भित्र पाईने स्थानीय जडिबुटिको पहिचान सहितको तथ्याङ्क संकलन गरी अभिलेखिकरण गरिने छ ।

२७. महत्वपुर्ण जडिबुटिहरुको खेती गर्ने तथा बजार व्यवस्थापनको लागि कृषकहरुको संलग्नतामा विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै अनुदानमा आधारित जडिबुटी खेती सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

२८. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी क्लिनिक तथा संस्थाको अनुगमन निरीक्षण प्रणालीको विकास गरी जडिबुटी विक्री वितरण कार्यलाई व्यवस्थित गरिने छ ।

२९. विद्यालयमा क्रमश जडिबुटि बगैचा कार्यक्रम सञ्चालनका साथै स्थानीय पाठ्यक्रममा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम समावेश गरी विद्यार्थीहरूमा सो सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गरिने छ ।

३०. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिबाट गर्भवती/प्रसुती महिलाको स्वास्थ्य परीक्षण तथा जेष्ठ नागरिक विशेष कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

३१. आयुर्वेद औषधालयलाई चिकित्सक सहितको सुविधा सम्पन्न आयुर्वेद उपचार केन्द्रको रुपमा विकास गर्न प्राथमिकता दिइने छ ।

## ख. शिक्षा, युवा तथा खेलकद

१. विद्यालय शिक्षालाई गुणस्तरीय, पहुँचयोग्य, प्रतिष्पर्धी एवम् जीवनोपयोगी बनाउन नगर शिक्षा योजनालाई सरोकारवालाहरूको सुझाव अनुसार परिमार्जन एवम् विकास गरी कार्यान्वयनको उचित व्यवस्था मिलाइने छ ।

२. प्रारम्भिक बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गर्न आवश्यकताका आधारमा सिकाइ वातावरणमा सुधार, सहजकर्ताको क्षमता विकास एवम् प्रोत्साहनको उचित प्रबन्ध मिलाइने छ ।

३. विद्यालयको सिकाइ वातावरण सुधार एवम् कमजोर पूर्वाधार भएका विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणका कार्यक्रममा सहयोग गरी शैक्षिक गुणस्तरमा टेवा पुऱ्याउन नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिने छ ।

४. नेपाल सरकारले घोषणा गरेको सार्वजनिक शिक्षा सवलीकरण दशक (वि.स.२०७६-२०८५) लाई सफलीभूत बनाउन सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ र शैक्षिक व्यवस्थापन प्रणालीको अभिन्न अंगको रूपमा विकास गरी सुदृढीकरण गरिने छ । माध्यमिक तहमा पुस्तकालय एवम् विज्ञान प्रयोगशाला र आधारभूत विद्यालय सबैमा पुस्तकालयको व्यवस्थापन गर्ने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

५. अंग्रेजी माध्यम तथा सूचना प्रविधि सम्बन्धमा शिक्षकहरूको क्षमता विकास गर्नुका साथै कक्षा कोठामा आधारित पेसागत सहयोगको पद्दतिलाई सुदृढ पारिने छ ।

६. सामुदायिक विद्यालय सुधारको एउटा उपाय विद्यालय व्यवस्थापनको सुदृढीकरण भएको तथ्यलाई मनन गरी विद्यालय व्यवस्थापनलाई चुस्त, दुरूस्त एवम् प्रभावकारी बनाउन सम्बन्धित तहका शिक्षकहरू मध्ये निश्चित मापदण्डका आधारमा प्रधानाध्यापकको व्यवस्थापन गर्नुका साथै प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका लागि योजना निर्माण र व्यवस्थापन सम्बन्धमा क्षमता विकास गरिने छ ।

७. सञ्चालित कक्षा, विद्यार्थी संख्या, भौगोलिक अवस्थाका आधारमा सामुदायिक विद्यालयका शिक्षकहरूको दरवन्दी मिलान गरी शिक्षकको न्यायोचित व्यवस्थापन गरिने छ । दरवन्दी प्रास गर्न नसकेको आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा गणित, अंग्रेजी र विज्ञान शिक्षक व्यवस्थापन गर्न शिक्षण सहयोग अनुदानलाई निरन्तरता दिइने छ ।

८. सामुदायिक विद्यालयको शैक्षिक स्तर वृद्दिका लागि विशेष योजना तयार गरी कार्यान्वयनमा लगिने छ ।

९. संस्थागत विद्यालयहरूको अनुगमन एवम् नियमन कार्यलाई प्रभावकारी बनाइ सरकारी नीति, नियमको पूर्ण पालनामा जिम्मेवार बनाइने छ ।

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

१०. विद्यालय तथा शिक्षकको उपलब्धि मापनको निश्चित मापदण्ड तयार गरी सोको नियमित रूपमा प्रगति विवरण लिई विद्यार्थी सिकाइ उपलब्धि सम्बन्धमा सुधारात्मक उपायहरूको खोजी गरी कार्यान्वयनमा लगिने छ ।

११. विभिन्न संघसंस्थाहरू सँग सहकार्य गरी सबै विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्थाका लागि क्रमश युरोगार्ड जडान गरिने छ ।

१२. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विद्यालयस्तरीय खेलकुदमा प्रोत्साहन गर्नुका साथै मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइने छ ।

१३. प्राविधिक जनशक्ति उत्पादनका लागि तनहुँ प्राविधिक शिक्षालयमा सञ्चालन भएको ३ वर्षे कृषि बालीबिज्ञान डिप्लोमा तहमा आ.व. २०७६/०७७ देखि प्रदान गरिएको छात्रबृत्ति कार्यक्रमको प्रभावकारिताको मूल्यांकन गरी थप क्षेत्रमा विस्तार गरिने छ ।

१४. नगरपालिका भित्र उच्च शिक्षा दिने एउटा मात्र संस्थाको रूपमा रहेको जनज्योति क्याम्पसलाई उत्कृष्ट शैक्षिक केन्द्रको रूपमा विकास गरी गुणस्तरीय, उत्पादनमुखी जनशक्ति उत्पादन गर्न विषय, संकाय तथा तह थप गर्ने कार्यक्रम सञ्चालनार्थ क्याम्पससँग सहकार्य ढाँचा विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

## ग. खानेपानी तथा सरसफाई

१. समुदाय र नगरपालिकाको समन्वयमा समुदायकै नेतृत्वमा टोल टोलमा सामुदायिक सरसफाईको नियमित व्यवस्था गरी भिमादलाई स्वच्छ र सुन्दर नगरको रुपमा विकास गरिने छ ।

२. एक घर एक धारा अभियानलाई सार्थक बनाइ स्वच्छ खानेपानीको व्यवस्था गर्ने दीर्घकालिन लक्ष्यका साथ खानेपानी योजनाहरु सञ्चालन गरिने छ ।

३. मौजुदा तथा निर्माण हुने खानेपानी योजनाहरुमा क्रमशः ट्रिटमेन्ट प्लान्टहरु राखिने छ ।

४. प्राथमिक स्वास्थ्य केन्द्र र वडा नं. ६ स्थित सामुदायिक विद्यालयहरूमा पर्याप्त पिउने पानीको निशुल्क व्यवस्थापन गरिने छ ।

## घ. सामाजिक समावेशीकरण

१. विकासको मूलधारमा समावेश हुन नसकेका भिन्न क्षमता भएका व्यक्ति, महिला, दलित, विपन्न, मुस्लिम, अल्पसंख्यक तथा पिछडिएका समुदायलाई लक्षित गरी चेतनामूलक कार्यक्रम, आय आर्जन तथा सामाजिक सशक्तिकरणका कार्यक्रम तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

२. समावेशीकरण सम्वन्धी दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी लैङ्गिकमैत्री



दधिराज सुबेदी
नगर प्रमुख

नगरपालिकाको अवधारणालाई कार्यरुप दिन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि कार्यक्रम र बजेटको व्यवस्था गरिने छ ।

३. महिला जनप्रतिनिधिहरूको क्षमता विकासका लागि कार्यक्रम तयार गरी सञ्चालन गरिने छ ।

४. अपांगता भएका व्यक्तिका उत्कृष्ट संरक्षकहरूलाई सम्मान तथा उनीहरुको जीवनस्तरमा सहजता हुने आवश्यक कार्यक्रमलाई थप प्रभावकारी बनाई सञ्चालन गरिने छ ।

५. प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा नगरपालिकाभित्र रहेका विपन्न वर्गका खरका छानाको लगत संकलन कार्य भैसकेकोले खरका छानालाई जस्तापातावाट प्रतिस्थापन गरिने छ ।

६. सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता प्रणालीको डिजिटाइजेसनलाई पूर्ण उपयोगमा ल्याइने छ । सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत सहज रूपमा वडाको पायक पर्ने स्थानमा वितरण गर्ने व्यवस्था गरिने छ ।

७. जेष्ठ नागरिकहरूको सम्मानका लागि जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिने छ।

८. वडास्तरमा बालक्लव/सञ्जालहरुको गठन/पुनर्गठन गरी क्रियाशिल बनाइने छ ।

९. विद्यालय उमेरका पूर्ण तथा अति अशक्त अपांगता भएका बालबालिकाहरूको विकासमा टेवा पुऱ्याउन दिवा सेवा केन्द्र सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरी सोका आधारमा आवश्यक व्यवस्था मिलाइने छ ।

## १४. पूर्वाधार विकास

विकास निर्माण स्थापना र सञ्चालन गर्ने जग नै पूर्वाधार हो । पहाडी भागमा पर्ने भिमाद नगरक्षेत्रको मुख्य आवश्यकता सरल र भरपर्दो मोटरबाटोको पुर्वाधार विकास गर्नु हो । पैदलयात्रा मार्फत उकाली ओराली गरी कष्टपुर्ण जीवनयापन गर्नु पर्ने विवशताको अन्त्य गरी हरेक गाउ बस्तीलाई स्तरयुक्त बाटोको पुर्वाधार र भौतिक विकास मार्फत नागरिकलाई विकासको वास्तविक अनुभूति दिलाउन पूर्वाधार विकास सम्बन्धी तपसिलका नीति तथा कार्यक्रम सञ्चालन गरिने छ ।

(क) सडक पूर्वाधार निर्माण गर्दा नगर यातायात गुरुयोजना, २०७७ वमोजिम गरिने छ ।

(ख) लागत सहभागिताका कार्यक्रमहरूलाई सबै वडामा विस्तार गरिने छ । यस्ता कार्यक्रममा ग्रामीण क्षेत्रमा हुने स्थानीय सहभागिताको हिस्सा बजार क्षेत्रको तुलनामा कम गरी प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

(ग) नगरपालिका क्षेत्रभित्र पुर्वाधार विकास गर्न मुख्य मुख्य आयोजना छनौट गरि डिपिआर तयार गरी सम्बन्धित निकाय र तहसंग समन्वयात्मक रूपमा निर्माण कार्य अगाडि बढाईने छ ।

(घ) नगरका मुख्य बस्तीहरूसँग जोडिने सडक पूर्वाधारलाई बाह्रै महिना गाडी चल्न सक्ने गरी स्तरोन्नति गरिने छ ।

(ङ) नगरपालिकाको प्रशासकीय भवन, वडा कार्यालय, स्वास्थ्य संस्थाहरू लगायत सेवा प्रदान गर्ने निकायहरूको भौतिक पूर्वाधार निर्माण र सुदृढीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

(च) नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरीतका कार्यलाई निरुत्साहित गर्नुका साथै स्थानीय भवन संहिताको कडाइका साथ पालना गरिने छ।

(छ) नगरलाई कच्ची बाँध तथा कुलोमुक्त बनाउने अभियानलाई निरन्तरता दिईने छ ।

(ज) संघीय एवम् प्रदेश सरकारबाट नगर क्षेत्रमा सञ्चालन भैरहेका तथा हुने योजनाहरुको गुणस्तर सुनिश्चितता गर्न एवम् तोकिएको समयसीमा भित्रै कार्य सम्पन्न गराउन विशेष पहल गरिने छ।

(झ) आमा समूह लगायतका भवन निर्माण योजनाहरूमा ७०/३० को लागत सहभागितामा योजना सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।

(ञ) भीमकाली मार्ग, भीम भैरव, भीम गोफा-डुम्रेवेसी क्षेत्रीय सडक, किहुँ मार्ग, उत्तर दक्षिण मार्ग, भिमाद-भावर-सिम्ले सडक लगायत नगरभित्रका रणनीतिक महत्वका सडक पहिचान गरी ती सडकहरूलाई कालोपत्रे गर्न प्रदेश र संघीय सरकारका निकायहरुसंग पहल गरिने छ ।

(ट) संघीय र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा नगरभित्रको सहज आवागमनमा टेवा पुग्ने गरी मोटरेवल पुल र झोलुङ्गे पुलको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

(ठ) सामुदायिक बिद्युतिकरणलाई राष्ट्रिय प्रसारण लाइनमा आवद्द गर्न सहजीकरण गर्नुका साथै वैकल्पिक उर्जाको प्रबर्धन गर्ने नीति अवलम्बन गरिने छ ।

(ड) सडकको नयाँ ट्र्याक खोल्दा नगरपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुमति लिएर मात्र ट्र्याक खोल्ने नीति अंगिकार गरिने छ ।

(ढ) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त बजेटमा नगरपालिकाको साझेदारी समेत थप गरी अधिकतम प्रतिफल आउने भौतिक पुर्वाधारहरुको मर्मत सम्भार र निर्माणमा केन्द्रित रही तोकिएको मापदण्डको कडाइका साथ कार्यान्वयन गरिने छ ।

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

(ण) आन्तरिक रोजगारीको सिर्जना र पहिचान गरी बेरोजगारहरुलाई रोजगारीमा संलग्न गर्दै सुचिकृत बेरोजगारहरुलाई स्वरोजगार हुनको लागि उत्प्रेरित गरिने छ ।

(त) नगरपालिकाका बिभिन्न शाखाहरु तथा विभिन्न संस्थाहरूबाट सञ्चालन गरिने सिपमूलक तालिममा सुचिकृत बेरोजगारहरुलाई समावेश गराई बजार माग अनुरुपको सिप तथा तालिमको व्यबस्था गर्न समन्वय र सहकार्य गरिने छ ।

(थ) बिकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरुको सञ्चालन गरी रोजगारी सिर्जनाको कार्यलाई उच्च प्राथमिकता दिइने छ ।

(द) मोबाइल फोन र इन्टरनेट सेवा प्रवाहलाई गुणस्तरीय एवम् भरपर्दो बनाउन नेपाल टेलिकम लगायत सेवा प्रदायक निकायहरूसँग समन्वय गरिने छ ।

(ध) नगरपालिकामा सेवा लिन आउने सेवाग्राहीलाई लक्षित गरी फ्रि वाइफाइको व्यवस्था मिलाइने छ ।

(न) मध्यकालीन र दीर्घकालीन योजनाहरूको योजना बैंक बनाइनुका साथै संघ र प्रदेशमा पेश गर्नुपर्ने योजनाहरूको डिपिआर तयार गरी राखिने छ ।

(ऩ) नविकरणीय उर्जालाई प्रवर्द्धन गर्न वायो ग्यास, विधुतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा जडान जस्ता कार्यक्रम संचालन गरिने छ ।

## १४. वन, वातावरण तथा विपद व्यवस्थापन

वन तथा वातावरण सृष्टि जगतको महत्वपूर्ण पक्ष हो । वन तथा वातावरणको संरक्षणले मात्र मानव लगायत समग्र प्राणी जगतको संरक्षण र संवर्धन गर्न सकिने भएकाले वन वातावरण र विकास विचको सन्तुलन कायम गर्न निम्न नीति तथा कार्यक्रम अवलम्बन गरिने छ ।

### क. वन तथा भू संरक्षण

१. नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गा, सामुदायिक वन र निजी जग्गामा समेत विभिन्न प्रकारका फलफुल तथा जडिवुटि खेतीको विस्तार गर्ने, वनजन्य स्रोतहरुको संरक्षण तथा व्यवस्थापन गरी वन्यजन्तुहरु तथा जैविक विविधताको संरक्षण गरिने छ ।

२. स्थानीय समुदायको सहभागितामा नगरपालिका क्षेत्रभित्रका समुदायद्वारा व्यवस्थापन गरिएका वनजन्य स्रोतको व्यवस्थापनबाट आय आर्जनमा वृद्धि गरी उत्पादनमुखी वन व्यवस्थापनको नीतिलाई अङ्गिकार गरिने छ ।

३. नदीजन्य सामग्रीहरू ढुङ्गा, गिट्टी, बालुवा अवैध उत्खनन सम्बन्धी समस्याको पहिचान गरी छिमेकी पालिकासँगको समन्वय र सहकार्यमा स्थायी समाधान गरिने छ ।

दधिराज सुवेदी
नगर प्रमुख

४. वन डढेलो, चटयाङ, सुख्खा खडेरी, हुरी बतास, असिना जस्ता प्राकृतिक विपद् सम्वन्धी विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी जोखिम न्युनिकरण गर्नका लागि विशेष पूर्व तयारी कार्यक्रम तय गरी लागू गरिने छ ।

५. विद्युतिय उपकरण (करेन्ट) विषादीको प्रयोग गर्दै खोला नदीमा माछा मार्ने कार्यलाई निषेध गरी माछा लगायत जलचरको समुचित संरक्षण गरिने छ ।

६. विश्वव्यापी उष्णता, हरितगृह प्रभाव र ओजन तहको विनासलाई मध्यनजर गर्दै वातावरण संरक्षण, दिगो विकास र पारिस्थितिक पद्धतिको संरक्षणको लागि वहु-वर्षीय तथा बहु-उपयोगी बृक्ष जस्तै वर, पिपल, समी आदिको वृक्षारोपण र संरक्षण गर्दै लगिने छ ।

७. नगरपालिका मातहतका कार्यालयहरुमा स्थानीय बनमा उत्पादित काठ र काठजन्य फर्निचर तथा अन्य सामग्रीको प्रयोगमा जोड दिइने छ ।

८. सामुदायिक वन र अन्य वनमा डढेलो नियन्त्रणको लागि नियमित रुपमा वनको सफाइ गर्ने, सार्वजानिक बाटो वन पथ निर्माण गर्ने नीति लिइने छ ।

९. एक घर एक विरूवा अभियान सञ्चालनका लागि प्रोत्साहन गरिने छ । बजार क्षेत्र र वरपरको खाली ठाउँ खोजी स्थानीयहरूसँगको सहकार्यमा वृक्षारोपण गर्ने, वडास्तरमा बालउद्यान स्थापनाका साथै बिरूवाको संरक्षणका लागि छेकवार जाली व्यवस्थापन गर्न सहयोग गरिने छ ।

ख. विपद् व्यवस्थापन

१. भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशिल मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई न्यूनिकरण गर्न नगरपालिका स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

२. वडा स्तरिय विपद् व्यवस्थापन समितिको क्रियाशिलता बढाइने छ ।

३. विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरी प्रकोपमा परेका व्यक्तिको तत्काल उद्धार, राहत र पुनः स्थापना जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

४. नगरस्तरीय विपद् व्यवस्थापन पूर्व तयारी तथा जोखिम न्युनिकरण योजना तयार गरी सोका आधारमा विपद् व्यवस्थापन गर्ने र विपद् जोखिमको मूल्यांकन गरेर मात्र विकास निर्माणका कार्य सञ्चालन गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयनमा लगिने छ ।

५. राष्ट्रिय बिपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण संगको समन्वयमा मनसुनजन्य लगायतका बिपद्हरूको जोखिम न्युनीकरण तथा प्रतिकार्य क्रियाकलापमा आवश्यक पर्ने आर्थिक तथा प्राबिधिक सहायता उपलब्ध गराउन पहल गरिने छ ।



दधिराज सुबेदी
नगर प्रमुख

६. उत्थानशील विकासको अवधारणा मार्फत बिपद् जोखिमको न्युनीकरण गरिने छ ।

ग. फोहरमैला तथा ढल व्यवस्थापन

१. ल्याण्डफिल साईटको उपयुक्त स्थानको खोजी गरी योजनावद्ध रुपमा फोहरको वर्गीकरण गरी नकुहिने फोहरको आधुनिक प्रविधिको प्रयोग गरी उचित व्यवस्थापन गरिने छ । कुहिने फोहरलाई खेतवारी, करेसावारी तथा कौशी खेतीमा मल बनाई प्रयोग गर्न प्रोत्साहन गरिने छ ।

२. सार्वजानिक शौचालय निर्माण, जनचेतना एवम् सरसफाईमा प्राविधिक एवम् आर्थिक सहयोग गरी प्रदुषण कम गरिने छ । सार्वजनिक शौचालय निर्माण गर्दा इकोशन प्रविधिको प्रयोग गरिने छ ।

३. पुनः प्रयोगमा आउनसक्ने सिसाजन्य सामग्रीहरूको निकासी वापत लिइएको कर बराबरको रकम प्रोत्साहन स्वरूप सम्बन्धितलाई उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

घ. जलबायु परिवर्तन

१. जलबायु परिवर्तन अनुकुलन नीति अबलम्वन गरिने छ । यसका लागि स्थानिय अनुकुलन योजना बनाउनको लागि आवश्यक पहल गरिने छ ।

२. जलबायु परिवर्तन अनुकुल कृषि नीति तथा विकास नीति अवलम्वन गरिने छ ।

३. जलवायु परिवर्तन उत्थानशील विकासको अवधारणा कार्यान्वयनमा ल्याइने छ ।

ङ. जलाधार संरक्षण

१. जलाधार क्षेत्रमा बृक्षारोपण गर्ने व्यवस्था मिलाइ नगरपालिका भित्रको जलाधार संरक्षण गर्ने बिषयमा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र वन उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम अन्य सरोकारवाला निकायहरूसँगको समन्वयमा सञ्चालन गरिने छ ।

२. विपद्जन्य प्रकोपले क्षति गरेका पानीका स्रोतहरुलाई पुनः निर्माण गर्ने व्यवस्था मिलाइने छ।

३. जलस्रोत ऐन, २०७८ तथा नियमावली, २०७८ बमोजिम जल उपभोक्ता संस्थाहरुलाई नियमनको दायरामा ल्याईने छ ।

च. जलउत्पन्न प्रकोप नियन्त्रण

१. जलउत्पन्न प्रकोप नियन्त्रणको लागि नीतिगत एवम् संरचनागत व्यवस्था गरी कार्यान्वयन गर्दै लगिने छ ।

२. प्रकोप नियन्त्रणको लागि बायो इन्जिनियरिङ्ग र चेक ड्यामको निर्माण गरिने छ ।

३. पहिरो एवम् भुक्षय हुने क्षेत्रको पहिचान गरी त्यस्ता स्थानमा बृक्षारोपण लगायत संरक्षणका विभिन्न कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

## १५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

प्रभावकारी सेवा प्रवाह, ढिलासुस्तीको अन्त्य, प्रकृयामुखी प्रशासन यन्त्रलाई नतिजामुखी बनाई सरल ढंगले सेवा प्रदान गर्ने तथा अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य मार्फत सुशासनको अनुभूति दिन सकिन्छ । सुशासन कायम गरी नागरिकमैत्री सेवा प्रवाह गर्न निम्न अनुसारको नीति अवलम्बन गरिने छ।

### क. सुशासन तथा सेवा प्रवाह

१. नगरपालिका तथा मातहतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्तिको स्थायी व्यवस्थापन गरिने छ ।

२. गुणस्तरीय सेवा प्रवाहको मूल आधार स्तम्भको रूपमा रहेका कर्मचारी तथा शिक्षकहरूको मनोबललाई उच्च राखी गुणस्तरीय प्रतिफल दिन सक्ने गरी समर्पित गराउन उत्प्रेरणामूलक कार्यक्रमको व्यवस्था मिलाइने छ ।

३. वडा कार्यालयमा नागरिक वडापत्र र नगर कार्यपालिकाको डिजिटल नागरिक वडापत्र वमोजिम सेवा प्रवाहलाई थप जनमुखी, उत्तरदायी र जवाफदेही बनाइने छ ।

४. नेपालको संविधान, २०७२ को अनुसुची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित स्थानीय तहको काम कर्तव्य र अधिकारसंग सम्वन्धित विषयमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि आवश्यक्ताका आधारमा तर्जुमा एवम् परिमार्जन गरी कार्यान्वयन गरिने छ ।

५. नगरको विकास निर्माण तथा सेवा प्रवाहमा भ्रष्टाचार र ढिलासुस्ती हुन नदिइ सुशासनको वास्तविक अनुभूति दिलाउन मितव्ययियता, पारदर्शिता, वित्तिय अनुशासन, उत्तरदायित्व तथा जवाफदेहिताको सुनिश्चितता गरिने छ । यसका लागि सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधि एवम् प्रक्रियाको अवलम्बन गरी सार्वजनिकीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाईने छ ।

६. योजना, बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाई लागू गर्नुका साथै सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ ।

७. नगरपालिकाको खरिद र ठेक्का प्रक्रियालाई प्रतिस्पर्धात्मक बनाउन आवश्यकता, औचित्यता र जनशक्तिको क्षमताका आधारमा E-biding प्रणालीलाई निरन्तरता दिईने छ ।

दधिराज सुवेदी
नगर प्रमुख

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

८. पेश्की तथा वेरुजुहरु शुन्य अवस्थामा राख्न लेखा समितिमा दफावार छलफल गरी नगरसभा समक्ष पेश गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

९. कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कृत गर्ने नीति लिईने छ ।

१०. नगरपालिका र वडामा कार्यरत कर्मचारीहरुको लागि कार्य विवरण बनाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

११. जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरूबीच भाईचारा एवम् अन्तरवैयक्तिक सिपहरूको विकास गराउन समय समयमा विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याइने छ ।

ख. न्यायिक समिति तथा कानून

१. न्यायिक समितिबाट हुने न्याय निरुपणलाई छिटो र छरितो रुपमा सम्पादन गर्न लागि आवश्यक स्रोत साधनको प्रबन्ध मिलाइने छ ।

२. मेलमिलापकर्ताहरुको विवरण सुचिकृत गर्दै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र गठन गरी सञ्चालनमा ल्याइने छ ।

३. सबै तह र तप्काका नागरिकको न्यायमा सहज पहुँच स्थापित गर्न नगरवासीसंग न्यायिक समिति कार्यक्रम सञ्चालन गरिने छ ।

४. बिवादको समाधानको लागि मेलमिलापलाई प्राथमिकता दिईने छ ।

५. सहभागितामूलक कानून तर्जुमा गरिने छ । कानून तर्जुमा गर्दा सरोकारवाला निकायहरुको सहभागितालाई सुनिश्चित गर्दै नगर कार्यपालिका मातहतको बिधेयक समिति र नगर सभा मातहतको बिधायन समिति सक्रिय बनाउन आवश्यक कार्यहरू गरिने छ ।

६. कानूनी सचेतना कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

७. संवैधानिक क्षेत्राधिकारको बिषयमा कानून निर्माण प्रक्रियालाई तिब्रता दिईने छ । भिमाद नगरपालिकाबाट स्वीकृत भएका कानूनहरुको समसामयिक सुधार गर्दै लगिनेछ ।

ग. आन्तरिक आय परिचालन तथा राजश्व प्रशासन

१. कर प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवम् करदातामैत्री बनाई कर संकलन कार्यमा प्रोत्साहन गर्ने नीति अख्तियार गरिने छ ।

२. नगरपालिकाको आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशिल कर प्रणालीको विकास गर्दै करको दायरा विस्तार गर्नुका साथै राजश्व चुहावटलाई पूर्ण रुपमा नियन्त्रण गरिने छ ।

३. करदाताको अभिलेख तयार गर्ने तथा अद्यावधिक गरिनुका साथै यस कार्यमा भिमाद नगर उद्योग बाणिज्य संघ लगायतका सरोकारवाला निकायसंग समन्वय गरिने छ ।



दधिराज सुवेदी
नगर प्रमुख

४. नगरपालिकाको राजश्व असुली कार्यलाई बैज्ञानिक, यथार्थपरक एवम् पारदर्शी बनाई व्यवस्थित तरिकाले राजश्व असुली गर्न राजश्व शाखाका कर्मचारी तथा वडा सचिवहरुको क्षमता विकास गर्दै लगिने छ ।

५. सेवाग्राही वा करदातालाई अनलाईन मार्फत कर तिर्ने व्यवस्था मिलाइने छ भने कर तिरेपछी एसएमएस मार्फत धन्यवाद दिने कार्यलाई निरन्तरता दिईने छ ।

६. नगरपालिकाको आन्तरिक राजश्व बृद्धिमा योगदान गरे बापत योगदानको आधारमा करदातालाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिने छ ।

७. कर शिक्षाको लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

८. राजश्व परामर्श समितिको क्रियाशिलता बढाईने छ । राजश्व परामर्श समिति कार्य सञ्चालन कार्यविधि, २०७८ बमोजिमको समयमा यसको बैठक अनिवार्य बस्ने व्यवस्था मिलाईने छ।

९. राजश्व प्रशासन तथा आन्तरिक राजश्व परिचालनसंग सम्बन्धित ऐन, नियम, कार्यविधि, मापदण्ड तर्जुमा गरी लागु गरिने छ ।

१०. राजश्व सुधार कार्ययोजना तर्जुमा गरी लागु गरिने छ ।

११. कर तथा गैर कर राजश्व ऐन, आन्तरिक ठेक्का बन्दोबस्त ऐन लगायतका कर कानून यसै आर्थिक बर्षमा नगर सभामा पेस गरिने छ ।

१२. नगरपालिका तथा वडा कार्यालयमा बुझाउनुपर्ने राजश्व अनलाइन प्रणालीबाट भुक्तानी गर्न सकिने व्यवस्था मिलाइने छ ।

घ. **टोल विकास तथा गैर सरकारी संस्था**

१. नगरपालिका भित्र रहेका सवै टोल विकास संस्थालाई दर्ताको दायरामा ल्याईने छ । टोल विकास संस्थाको प्रवर्द्धन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।

२. टोल विकास संस्थाहरुलाई जनसहभागिता प्रवर्धन गर्दै विकास निर्माणका क्रियाकलापमा परिचालन गर्नुका साथै बिउ पुँजीको व्यवस्थापन गरिने छ ।

३. संस्था दर्ता ऐन, २०७६ लाई पूर्ण कार्यान्वयनमा ल्याईने छ ।

४. गैर सरकारी संस्थाले कार्यक्रम सञ्चालन गर्नु पूर्व नगरपालिकासँग स्वीकृती लिनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागु गर्नको लागि कार्यविधि तर्जुमा गरिने छ ।

५. गैर सरकारी संघ संस्थाले सञ्चालन गर्ने योजना तथा कार्यक्रम सघन रुपमा अनुगमन गर्ने व्यवस्था मिलाईने छ ।

दधिराज सुवेदी
नगर प्रमुख

६. नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि उपभोक्ता समितिको दर्ता गर्ने व्यवस्था मिलाइ क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

७. उपभोक्ता समितिले जिम्मा लिएको कामलाई ठेक्कामा लगाउने प्रवृत्तिलाई निरूत्साहित गर्नुका साथै अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाइने छ ।

ङ. उपभोक्ता हित

१. सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा उपभोक्ता हित संरक्षणको लागि बजार अनुगमनलाई प्रभावकारी बनाइने छ ।

२. उपभोक्ता हित संग सम्बन्धित सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

३. जागरुक उपभोक्ताको शहर भिमाद नगर अभियान सञ्चालन गरिने छ ।

च. नगर प्रहरी

१. नगर प्रहरीको मनोवल उच्च राख्नको लागि क्षमता विकासलाई प्राथमिकता दिईने छ।

२. अव्यवस्थित बजार तथा यातायात व्यवस्थापनको कार्यमा नगर प्रहरीको परिचालन गरिने छ।

३. सेती नदी लगायतका नगर क्षेत्रका खोलाहरुमा हुने अवैध उत्खनन् रोक्न नगर प्रहरी परिचालन गरिने छ ।

छ. अन्तरसरकारी समन्वय तथा सहकार्य

१. नीति, योजना तथा सेवा प्रवाहमा प्रदेश सरकार र संघीय सरकारसँग दोहोरोपन नहुने गरी समन्वय तथा सहकार्य गरिनेछ ।

२. संघ, प्रदेश र स्थानीय तह अन्तर सम्वन्ध व्यवस्थित गर्न वनेका ऐन ,२०७७ को मर्म र भावनालाई आत्मसात गरी अन्तर सरकारी समन्वयलाई अगाडी बढाइने छ ।

३. साझा अधिकार सूचीका विषयमा यथाशिघ्र कानुन निर्माण गर्न प्रदेश सरकार र संघीय सरकार समक्ष आवश्यक पहल गरिने छ ।

४. योजना कार्यान्वयन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोगका लागि अन्तरपालिका साझेदारी तथा समन्वय गरिने छ ।

५. प्रदेश सरकार तथा संघीय सरकारवाट वित्तीय हस्तान्तरणवाट प्राप्त हुन आएका कार्यक्रम तथा योजनाहरुको नियमित प्रगति प्रतिवेदन तत् तहका सरकारहरुलाई पठाउने व्यवस्था मिलाइने छ ।

ज. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मुल्यांकन तथा तथ्यांक प्रणाली

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

१. नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजनाको प्रभावकारीरुपमा कार्यन्वयन गर्दै आवधिक योजना र वार्षिक बजेट विच तालमेल गराउनको लागि मध्यमकालिन खर्च संरचना (MTEF) वनाई लागु गरिने छ ।

२. नगरपालिका तथा वडावाट कार्यान्वयन गरिने योजनाहरुको समग्र सुशासन कायम गर्नको लागि योजना अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७८ वमोजिम कार्यसम्पादन गर्ने प्रवन्ध मिलाइने छ ।

३. नीति निर्माण विश्वसनीय वनाउनको लागि तथ्याङ्क प्रणाली प्रयोग गरिने छ ।

४. अभिलेख व्यवस्थापन सम्वन्धी विधेयक चालु आर्थिक वर्षको नगर सभामा पेश गरिने छ।

अन्त्यमा,

नगरको समग्र विकासको लागि यो नीति तथा कार्यक्रम कोसेढुंगा हुने आशा लिएको छु । समृद्द भिमाद निर्माणका लागि संघीय सरकार, प्रदेश सरकारसँगको सहयोग, समन्वय र सहकार्यबाट यस नीति तथा कार्यकमको प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण टेवा पुग्ने मैले ठानेको छु । नगरको विकासमा योगदान गर्ने यस क्षेत्रका माननीयज्यूहरू, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारी एवम् शिक्षक वर्ग, उद्योगी, व्यवसायी, निजी एवम् सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण नगरवासी दिदी बहिनी तथा दाजुभाईहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आगामी आर्थिक वर्षको लागि तय गरिएको नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सकारात्मक सहयोग र कमी कमजोरी प्रति सबैबाट निरन्तर रचनात्मक सल्लाह एवम् सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद ।

दधिराज सुवेदी
नगर प्रमुख

.........................

दधिराज सुवेदी
नगर प्रमुख
भिमाद नगरपालिका, तनहुँ

मिति २०७९ असार ९ गते विहीवार